# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

Parsagadhimun2075@gmail.com
ito@parsagadhimun.gov.np
info@parsagadhimun.gov.np
९८५५०११११२


प.सं.– २०८०/०८१
च.नं.– ६०३

मिति– २०८०/०७/२०गते

विषयः- लाग्राहिहरुको विवरण शुद्दिकरण सम्बन्धमा।

श्री वडा कार्यालय (सबै),
पर्सागढी नगरपालिका।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ वमोजिम तहाँ मार्फत भैरहेको सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सरल, सहज, बैज्ञानिक, पारदर्शी र जवाफदेही बनाउन यस विभागबाट Vital Event Registration and Social Protection (VERSP) प्रणालीको विकास र सञ्चालन भैरहेको व्यहोरा विदितै छ। उक्त प्रणालीलाई थप प्रभावकारी बनाउन महालेखा नियन्त्रक कार्यालय र विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरुसंग अन्तरआवद्दता गरिएको छ। प्रणाली सञ्चालनको क्रममा कतिपय स्थानीय तहबाट लाभग्राहीको विवरण प्रविष्ट र अध्यावधिक गर्दा विभिन्न प्रकृतिको त्रुटी हुने गरेको पाईएकोले देहाय अनुसार लाभग्राहीको विवरण अध्यावधिक/शुद्दिकरण गर्न गराउन भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरबार, काठमाडौको प.सं. २०८०/०८१ च.नं. २४३ मिति २०८०/०७/१९ गतेको पत्रबाट लेखि आएको हुँदा सोहि बमोजिक कार्यान्वयन गर्न गराउनुहुन अनुरोध छ।

देहाय,

१. लाभग्राहीको विवरण प्रणालीमा प्रविष्ट गर्ने क्रममा कतिपय लाभग्राहीको साना तिना विवरण फरक पारी एकै व्यक्तिलाई फरक फरक लाभग्राहीको रुपमा प्रविष्ट गरेको समेत पाईएको छ। त्यस्तो कार्य ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुर हुने भएको र संलग्नहरु जिम्मेवार र जवाफदेही हुनुपर्ने विषयलाई ध्यानमा राखी त्यस्तो कार्य नगर्न नगराउन र भए गरेको भएमा अविलम्ब विवरण अध्यावधिक गर्न गराउन,

२. कतिपय मृत्यु भएका, बसाई सरी अन्यत्र गएका वा अन्य कारणले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको समयमै लगत कट्टा गर्नु पर्नेमा त्यसो नगरी लामो समयसम्म भत्ता वितरण भैरहेको देखिन्छ। त्यस्ता लाभग्राहीको तत्काल लगत कट्टा गरी भुक्तान भएको रकम ऐनको दफा २१ को उपदफा (२) बमोजिम रकम असुल उपर गर्न गराउन,

३. कुनै एक स्थानीय तहमा लाभग्राही रहेको कतिपय व्यक्तिले बसाई सराईको नक्कली काजगात बनाई अर्को स्थानीय तहमा समेत लाभग्राही भएको देखिएकोले बसाई सराईको हकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २० बमोजिम लाभग्राहीको लगत हस्तान्तरण फारामका आधारमा मात्र लाभग्राही कायम गर्न गराउनु,

पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल
Parsagadhimun2075@gmail.com
ito@parsagadhimun.gov.np
info@parsagadhimun.gov.np
९८५५०११११२

प.सं.– २०८०/०८१ मिति– २०८०/०७/२०गते

च.नं.–

४. १६ वर्ष भन्दा माथिको व्यक्तिलाई अब उपरान्त नयाँ लाभग्राहीको रुपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्र नम्बर लाई अनिवार्य गर्न गराउन,

५. हाल कायम रहेको लाभग्राहीहरुका उपलब्ध भएसम्म राष्ट्रिय परिचयपत्र नम्बर संकलन गरी प्रणालीमा अध्यावधिक गर्दै जाने,

६. नयाँ लाभग्राहीहरुको हकमा सम्वन्धित वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता भएको बैङ्क तथा वित्तीय संस्थामा खोलेको बैङ्क खाता नम्बर अनिवार्य रुपमा प्रणालिमा प्रविष्ट गर्ने।

छविरमण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत